REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 30.09.2024

CM-Sonam Wangchuk

अमेरिकामा आयोजना हुने नट टू यङ टू रन: एन्गेजिङ यूथ इन द पलिटिकल प्रसेस शीर्षकको प्रतिष्ठित तीन हप्ते कार्यक्रममा सहभागी हुन चयन भएका श्री छिरिङ वाङ्चुक लेप्चाले आज मुख्यमन्त्री श्री प्रेमसिंह तामाङसित मिन्तोग्याङमा भेट गर्नुभयो। अक्टोबर 15 देखि 1 नोभेम्बरसम्म सम्पन्न हुने उक्त कार्यक्रममा अन्तर्राष्ट्रिय आगन्तुक नेतृत्व कार्यक्रमका तत्वावधानमा आयोजिन हुनेछ। मुख्यमन्त्रीले श्री लेप्चाको अन्तरक्रियाले भारतका युवा नेताहरूले सामना गर्नुपरेका चुनौती र अवसरहरूबारे अझ बढी बुझ्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले श्री लेप्चालाई हार्दिक बधाई  दिँदै, सबै प्रयासमा सफलताको कामना गर्नुभएको छ।  यस अनुभवले अन्य धेरै युवा नेतालाई राष्ट्रको भविष्य निर्माणमा सक्रिय भूमिका खेल्न प्रेरित गर्ने मुख्यमन्त्रीले आफ्नो आधिकारिक सामाजिक सञ्जाल पोस्टमा उल्लेख गर्नुभएको छ।

CAP

सिटिजन एक्सन पार्टी, क्याप सिक्किमले आज नयाँ नयाँ जिल्ला अध्यक्ष र प्रवक्ताहरूसँग लोअर लुम्सेस्थित पार्टी मुख्यालयमा परिचयात्मक बैठक आयोजना गऱ्यो, जसमा नवनियुक्त जिल्ला अध्यक्षहरू र प्रवक्ताहरूलाई स्वागत गरिएको थियो। पार्टी अध्यक्ष श्री गणेश राईका अध्यक्षतामा बसेको बैठकले भावी पहलका लागि सहकार्य र रणनीतिक योजनाका महत्त्वमा जोड दिएको छ।

CBI-Ciber Crime

केन्द्रीय अनुसन्धान ब्युरो, सीबीआईले विश्वव्यापी रूपमा पीडितहरूलाई लक्षित गरी ठगी गर्ने सङ्गठित साइबर अपराध सञ्जालका 26 प्रमुख कार्यकर्ताहरूलाई पक्राउ गरेको छ। सीबीआईले उच्च प्रविधियुक्त अपराध सञ्जाललाई ध्वस्त पार्न 32 स्थानमा समन्वय गरी खोजी गरेर यी अभियुक्तहरूलाई पक्राउ गरेको हो। सीबीआईले पुनेबाट 10, हैदराबादबाट 5 र विशाखापट्टनमबाट 11 जना प्रमुख सञ्चालकलाई पक्राउ गरेको बताएको छ। सीबीआईले एजेन्सीको अन्तरराष्ट्रिय परिचालन विभागले विस्तृत रूपमा सञ्चालित अपरेशन चक्र-तेस्रोको एक भागका रूपमा, इन्टरपोल र विदेशी कानुन-प्रवर्तन एजेन्सीहरूसँग सहकार्य गरी सङ्गठित प्रविधि अपराध नेटवर्कविरुद्ध द्रूत गतिमा पहिचान र कारबाही गर्ने कार्य गरिरहेको जानकारी दिएको छ।

Quiz

राज्यका वरिष्ठ माध्यमिक विद्यालयहरूका विद्यार्थीहरूमा उपभोक्ता जागरूकतासम्बन्धी चेतना फैलाउने उद्देश्यले, कानुनी मेट्रोलोजी एकाइ र उपभोक्ता संरक्षण प्रकोष्ठ, खाद्य तथा नागरिक आपूर्ति विभाग, सिक्किम सरकारले आज चिन्तन भवनमा राज्यस्तरीय जागो ग्राहक जागो क्विज सम्पन्न गऱ्यो। यस राज्यस्तरीय प्रतियोगिताका फाइनलमा छ जिल्लाको प्रतिनिधित्व गर्ने 6 विद्यालयको सहभागिता रहेको थियो। राज्य स्तरीय यस क्विजको विजेता मडर्न वरिष्ठ माध्यमिक विद्यालय गान्तोक बन्यो।

WB-Strike

पश्चिम बंगालको पहाडी इलाका र डुवर्स क्षेत्रका आठ मजदुर सङ्गठनले दूर्गा पूजाअघि 20 प्रतिशत बोनसको माग गर्दै, १२ घण्टे हडतालको आह्वान गरेका छन्। मुख्यमन्त्री सुश्री ममता ब्यानर्जीले जलपाईगुडी र उत्तर बङ्गालका अन्य जिल्लामा आएको बाढीको अवस्थाबारे जानकारी लिई आज कोलकाता फर्कने क्रममा, बागडोग्रा बिमानस्थलमा पश्चिम बंगालमा बन्दको संस्कृति नभएको बताउनुभयो। गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन, जीटीएले चिया बगानका मजदुरहरूको हडताललाई समर्थन पनि नगरेको र विरोध पनि नगरेको बताएको छ। यसैबीच मुख्य सचिव डा. मनोज पन्तले श्रम सचिवसँग भेट गर्नुभएको छ। राज्य सरकारले गतिरोध अन्त्य गर्न बैठक बोलाएको छ।

Pakyong-SHG

राज्यसभा सांसद श्री डीटी लेप्चा र नाथाङ-माचोङ निर्वाचन क्षेत्रका विधायक श्रीमती पामिन लेप्चाले आज पारखामा स्वंय सहायता समूह खाद्य अदालतको उद्घाटन गर्नुभयो। यो फूट कोर्ट पारखा ब्लक अन्तर्गत स्वयं सहायता समूहका पहलमा ब्लक विकास समाज पारखाद्वारा राज्य ग्रामीण जीविका मिसन ग्रामीण विकास विभाग अन्तर्गत स्टार्टअप गाउँ उद्यमशीलता कार्यक्रमका सहयोगमा आयोजना गरिएको हो।

Football

पहिलो सांसद राज्यसभा च्यालेन्ज कप फुटबल प्रतियोगिता 2024 को दोस्रो सेमिफाइनल खेल आज पाछे वरिष्ठ माध्यमिक विद्यालयका खेलमैदानमा ट्राइबल स्पोर्टिङ क्लब सामसिङ र न्यू मुन गान्तोकबीच सम्पन्न भयो। ट्राइबल स्पोर्टिङ क्लब सामसिङले न्यू मुन गान्तोकलाई पराजित गर्दै, प्रतियोगिताका फाइनलमा प्रवेश गरेको छ। फाइनल खेल ट्राइबल स्पोर्टिङ क्लब सामसिङ र जुनियर सेभेन पाछेबीच हुनेछ। प्रतियोगितामा पाकिम र आसपासका कूल 34 टोलीको सहभागिता रहेको थियो। फाइनल खेल अक्टोबर 2  मा हुनेछ।